# डिलासैनी गाउँपालिका

## बैतडी सुदूरपश्चिम प्रदेश



प्रतिवेदन

# राजस्व सुधार कार्ययोजना

## Revenue Improvement Action Plan


माउन्टेन थटस  कन्सल्टेन्सी प्रा. लि.

महालक्ष्मी -५ ललितपुर

सम्पर्क : ९८५८४२१०६२

इमेल:mthoughts2015@gmail.com

## प्रतिवेदन/ दस्तावेज

| | |
|---|---|
| दस्तावेज | डिलासैनी गाँउपालिका, बैतडीको राजश्व सुधार कार्ययोजना |
| तयार गर्ने | माउन्टेन थट्स कन्सल्टेन्सी प्रा.लि., ललितपुर |
| मिति | २०७८ |

**कृतज्ञता ज्ञापन**

डिलासैनी गाँउपालिका, बैतडीको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाँउपालिकाका अध्यक्ष श्री उकेन्द्र बहादुर बोहरा, उपाध्यक्ष श्रीमती ~~नि~~पार्वती~~र्मला~~ कुमारी भण्डारी (राना), नि. प्रमुख प्रशासकीय अधिकृत श्री पंख बहादुर शाह, सूचना प्रविधि अधिकृत श्री नविन बहादुर राना लगायत कार्यपालिकाका सदस्यहरू, गाँउपालिकाका कर्मचारीहरू, सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

**माउन्टेन थट्स कन्सल्टेन्सी प्रा.लि.,परिवार**

## विषयसूची

परिच्छेद -१ ........ १
कार्ययोजनाको परिचय ........ १
१.१ पृष्ठभूमी ........ १
१.२ राजश्व सुधार कार्ययोजनाको औचित्य ........ १
१कार्ययोजनाको उद्देश्य ३. ........ २
१.४ कार्ययोजनाका विषयबस्तुहरु ........ २
१.५ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया ........ ३
१अध्ययनको सीमा ६. ........ ६
परिच्छेद - २ ........ ८
गाउँपालिकाको संक्षिप्त परिचय ........ ८
२.१ डिलासैनी गाउँपालिकाको संक्षिप्त परीचय ........ ८
२.२ मानव संसाधन ........ ९
२.३ भौतिक सम्पत्ति ........ १२
परिच्छेद - ३ ........ १५
राजश्व अधिकार र आय सम्भावना विश्लेषण ........ १५
३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........ १५
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ २०
३.३ आन्तरिक राजस्वका प्रमुख क्षेत्र र सम्भावना ........ २२
परिच्छेद - ४ ........ ३६
आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ ३६
४राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना १. ........ ३६
४ २.गाउँपालिकाको आय संकलनको संस्थागत व्यवस्था ........ ३७
४.३ गाउँपालिकाको आय परिचालनको अवस्था ........ ४३
४राजस्व परिचालनमा रहेका सवालहरू ४. ........ ४५
परिच्छेद - ५ ........ ४८

राजश्व सुधार कार्ययोजना ........ ४८

५राजस्व १. सुधार कार्ययोजना ........ ४८

परिच्छेद - ६ ........ ५६

आगामी तीन वर्षको आय प्रक्षेपण ........ ५६

६१. राजस्व प्रक्षेपणका आधारहरु ........ 56

६२. आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ........ ६०

परिच्छेद - ७ ........ ६५

निष्कर्ष तथा सुझाव ........ ६५

७१. आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ........ ६५

७२. निष्कर्ष तथा सुझावहरु ........ ६६

७कार् ३.ययोजनाको अनुगमन तथा मूल्याङ्कन ........ ६६

अनुसूचीहरू ........ 68

अनुसूची १ सन्दर्भ सामग्रीहरू ........ ६८

अनुसूची २ :तथ्यांक ⁄सूचना संकलनक लागि फारम तथा सूची ........ ६९

अनुसूची ३ कार्यशालामा उपस्थितिहरुको नाम तथा हस्ताक्षर ........ ७६

अनुसूची ४ कार्यशालाको समय तालिका ........ ७७

**तालिका**

तालिका नं. १ कार्यशालामा गठन गरिएका समूह ........ ४

तालिका नं. २ सूचना संकलन कार्यटोली ........ ५

तालिका नं. ३ विवरण (२०६८को तथ्यांक अनुसार) ........ ९

तालिका नं. ४ कर्मचारीको उपलव्धता (गा.पा. स्तर वडा कार्यालय समेत) ........ ११

तालिका नं. ५ विषयगत क्षेत्र तर्फका कर्मचारीको विवरण ........ ११

तालिका नं. ६सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था ........ १३

तालिका नं. ७ स्थानीय तहको केन्द्रमा उपलब्ध अन्य भौतिक पूर्वाधारको अवस्थाः ........ १३

तालिका नं. ८ सवारी साधनको विवरण ........ १३

तालिका नं. ९ सवारी साधनको विवरण ........ २०

तालिका नं. १० घरजग्गा बाहाल करको सम्भाव्यता विश्लेषण ........ २५

तालिका नं. ११ व्यवसाय करको सम्भाव्यता विश्लेषण ........................................................ २६
तालिका नं. १२ जडीबुटी, कवाडी, जीवजन्तु कर विवरण ................................................ २८
तालिका नं. १३ विज्ञापन कर विवरण ........................................................................ २९
तालिका नं. १४ विज्ञापन करको सम्भाव्यता विश्लेषण .................................................... ३०
तालिका नं. १५ बहाल बिटौरी शुल्क विवरण ............................................................ ३०
तालिका नं. १६ पार्किङ शुल्क विवरण ........................................................................ ३१
तालिका नं. १७ सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण ................................ ३३
तालिका नं. १८ डिलासैनी गाउँपालिकाको राजस्व परामर्श समिति ...................................... ३६
तालिका नं. १९ गाउँपालिकाले निर्धारण गरेका राजस्वका दरहरु ......................................... ३७
तालिका नं. २० डिलासैनी गाउँपालिकाको राजस्व संकलनको अवस्था ................................... ४३
तालिका नं. २१ डिलासैनी गाउँपालिकाको कूल आय संरचना(**हजारमा**) ................................ ४४
तालिका नं. २२ कर राजस्व सूधार कार्ययोजना ................................................................ ४९
तालिका नं. २३ गैरकर राजस्व सूधार कार्ययोजना ............................................................ ५०
तालिका नं. २४ राजस्व प्रशासन सुधार कार्ययोजना ............................................................ ५३
तालिका नं. २५ राजश्व प्रक्षेपणका आधारहरू ................................................................. ५६
तालिका नं. २६ चालू आ.व.को अनुमान तथा आगामी तीन आर्थिक वर्षको आय प्रक्षेप (हजारमा) ........ ६०
तालिका नं. २७ गाउँपालिकाको आय प्रक्षेपण ................................................................. ६५

## परिच्छेद -१
## कार्ययोजनाको परिचय

### १.१ पृष्ठभूमी

**"नेपालको संविधान २०७२"** ले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तिन तहको हुनेछ भनि उल्लेख गरेको छ । विकेन्द्रीकरणको अवधारणा सँगै राज्यशक्तिको बाँडफाँड अनुरुप एक केन्द्र, ७ प्रदेश र ७५३ वटा स्थानीय तहहरुको संरचना विकास गरिएको छ । मुलुकको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रबर्द्धन गर्न र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलव्ध गराउन स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको व्यवस्था गर्दै संविधानको धारा ६० ले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती श्रोतबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको अवस्थामा यस राजश्व सम्भाव्यता तथा राजश्व सुधार कार्य योजना प्रतिवेदनले डिलासैनी गाउँपालिकाको वित्तीय क्षमता विकास गर्नुका साथै राजश्वको दर बढाउने भन्दा राजश्वको दायराहरू बढाउनमा सहयोक गर्ने छ भनि विश्वास लिइएको छ।

हालको परिस्थितिका बारेमा पुनरावलोकन एवम् मूल्याङ्कन गर्ने, लक्षित समूहबीच अन्तरक्रिया एवम् कार्यशाला गोष्ठी गर्ने, राजश्व वृद्धिका उपाय पहिल्याई सल्लाह र सुझाव सहित राजश्व सुधार कार्ययोजना तयार गर्ने आदि परामर्शदाताको भूमिका रहेको छ ।यी क्रियाकलापहरू गाउँपालिकाको नेतृत्वमा संचालन भएका थिए । राजश्व सुधार कार्ययोजना तयार गर्दा "गाउँपालिका तथा नगरपालिको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६" अनुरुप गरिएको छ । साथै यस गाउँपालिकाले यसका प्रकृया तथा उपलब्धीहरूलाई आत्मसातगरी यस कार्ययोजनालाई अनुमोदन गराई कार्यान्वयन गर्ने छ भन्ने विश्वासका साथ डिलासैनी गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार पारिएको छ ।

### १.२ राजश्व सुधार कार्ययोजनाको औचित्य

संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता धान्न संभव नरहेको अवस्थामा स्थानीय तहको खर्च तथा आवश्यकता परिपूर्तिका लागि राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको छ। नेपालको संविधानको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को मान्यता अनुसार नगरपालिका तथा गाउँपालिकाले स्थानीय स्तरमा आय संकलन गर्न पाउने अधिकार सुनिश्चित गरिएको छ । स्थानीय तहलाई प्रदान गरिएका मुख्य करहरुमा सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा वहाल कर रहेको छ भने शुल्कमा नक्सापास, इजाजत, प्रमाणित, सिफारिश आदि रहेको छ। त्यसैगरी स्थानीय तहले आफ्नो सम्पत्ति परिचालनवाट र सार्वजनिक जग्गावाट वहाल विटौरी लिन सक्ने व्यवस्था छ । यसका

अतिरिक्त स्थानीय तहलाई प्राकृतिक स्रोतहरुको विक्री, निकासीबाट समेत आय संकलन गर्न सक्ने व्यवस्था रहेको छ ।

यसरी कानूनले स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएतापनि स्थानीय तहहरुले त्यसको पूर्णरुपमा परिचालन गर्न सकिरहेको अवस्था छैन। जसको मुख्य कारणमा स्थानीय तहको संरचना नै नयाँ हुनु, त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापनामा कमी हुनु , आयको सम्भाब्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको अभाब तथा अभ्यासको कमी हुनु रहेको छ ।

यस प्रतिबेदनमा समावेश गरिएका सामग्रीले आन्तरिक आय परिचालनमा सुधार ल्याउन, राजश्व दरलाई सन्तुलन राख्न र राजश्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई आयको दायरा विस्तार गर्न, प्रशासनिक व्यवस्था सुधार गर्न तथा नयाँ स्रोतहरुको पहिचान गरी सो को सम्भाब्यता अध्ययन गर्न सहयोग गर्ने विश्वास लिईएको छ ।

## १.३ कार्ययोजनाको उद्देश्य

यस डिलासैनी गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक श्रोतको संभावना तथा आगामी आर्थिक बर्षको आय प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु यस कार्य योजनाको समग्र उद्देश्य रहेको छ । यस राजश्व सम्भाव्यता तथा राजश्व सुधार कार्य योजनाको विशिष्टिकृत उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. राजश्व परिचालनका सन्दर्भमा विद्धमान नीति तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्ने,

२. स्थानीय तहको आन्तरिक आयका आधार तथा दरको सम्भाब्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्ने ,

३. सहभागितामूलक विधि अवलम्बन गरी राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने,

४. राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी स्पष्ट खाका उपलब्ध गराई ढाँचामा एकरुपता र विषयबस्तुमा गुणस्तरियता कायम गर्ने ,

५. स्थानीय तहको राजश्व अधिकारका सम्वन्धमा जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहयोग पुर्याउने,

## १.४ कार्ययोजनाका विषयबस्तुहरु

नागरपालिका तथा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६ अनुरुप तयार पारिएको यस प्रतिवेदनमा डिलासैनी गाउँपालिकाको राजस्व परिचालनको हालको परिस्थितिको

पुनरावलोकन एवम् मूल्याङ्कनका आधारमा राजस्व सुधारका लागि गर्नुपर्ने कृयाकलापहरुको पहिचान सहित आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका साथै आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने विश्वास लिइएको छ ।कार्ययोजनामा समेटिएका विषयवस्तुहरू देहाय बमोजिम रहेका छन् ।

क. कार्ययोजनाको परिचय
ख. गाउँपालिकाकाको संक्षिप्त परिचय
ग. गाउँपालिकाकाको राजस्व अधिकार तथा आय संभाव्यता विश्लेषण
घ. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
ङ. राजस्व सुधार कार्ययोजना
च. आगामी ३ वर्षको आय प्रक्षेपण
छ. निष्कर्ष तथा सुझाव

## १.५ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया

यस गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, लक्षित समूहबीच अन्तरक्रिया, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसंग छलफल गरिएको थियो । कार्ययोजना तर्जुमाको क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू अनुसूची १ मा समावेश गरिएको छ ।

### १.५.२ तथ्यांक/सूचना संकलन फाराम तयारी

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययनका आधारमा परामर्शदातृ संस्थाबाट सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । राजस्व सुधार

कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम अनुसूची २ मा समाबेश गरिएको छ ।

### १.५.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला

राजश्व सुधार कार्ययोजना तर्जुमाको लागि परामर्शदाताको टोली २०७८/०३/७ गते डिलासैनी गाउँपालिकाको कार्यालयमा पुगी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत तथा राजश्व शाखा प्रमुखसंग प्रारम्भिक बैठक गरी अभिमुखिकरण कार्यशालाको मिति, समय, सहभागि र छलफलका विषयबस्तुहरु तय गरिएको थियो । यसै गरि पुर्व तालिका अनिरूप ८ गते का दिन स्थानीय तहको राजश्व परिचालन सम्वन्धमा गाउँपालिकाका पदाधिकारीहरु, राजश्व परामर्श समिति, कर्मचारीहरु तथा अन्य सरोकार पक्षहरुलाई अभिमुखिकरण गर्न तथा राजश्व सुधार कार्ययोजना तर्जुमा गर्न अभिमुखीकरण तथा प्रारम्भीक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। कार्यशाला गोष्ठीमा २५ जनाको सहभागिता रहेको थियो।

कार्यशाला गोष्ठीको प्रारम्भमा परामर्शदातृ संस्थाका तर्फ नारायण कोइरालाज्यू ले कार्यक्रमको उद्देश्य, अवधारणा तथा कार्ययोजना तर्जुमा प्रक्रिया बारे प्रकाश पार्नु भएको थियो ।

*तालिका नं. 1 कार्यशालामा गठन गरिएका समूह*

| समुह | समूह कार्यको क्षेत्र | समूह संयोजक र सदस्यहरु |
|---|---|---|
| समूह– १ | राजस्वका शिर्षक दायरा, दर, तथा प्रक्षेपण | **संयोजकः श्री पार्वती कुमारी भण्डारी (राना)**<br>**सदस्यहरुः श्री अक्कल बहादुर राना**<br>**श्री शंकर बहादुर साउँद** |
| समुह -२ | कर राजस्व सुधार योजना | **संयोजकः श्री जय महरार**<br>**सदस्यहरुः श्री हरिश जोशी**<br>**श्री कविन्द्र प्रसाद जोशी** |
| समुह -३ | गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत) | **संयोजकः श्री नारद सिंह विष्ट**<br>**सदस्यहरुः श्री अनिलशुनिल बहादुर बोहोरा**<br>**श्री कल्पना कुमारी कार्की** |

| | | |
|---|---|---|
| समुह– ४ | राजस्व प्रशासन (आयको अभिलेख तथा संकलन, संगठन, अनुगमन र समन्वय) | **संयोजकः श्री पंख बहादुर शाह**<br>**सदस्यहरुः श्री धन सिंह मालल्ल**<br>**श्री महादेव भट्ट** |

समूह कार्यको प्रस्तुती र छलफल पछि कार्ययोजनाका लागि आवश्यक सूचना संकलन गर्न र आवश्यक समन्वयका लागि निम्नानुसारको कार्यटोली गठन गरिएको थियो ।

*तालिका नं. 2 सूचना संकलन कार्यटोली*

| क्र सं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री नविन बहादुर राना | सूचना अधिकृत | संयोजक |
| २ | श्री जय महरार | आ.ले परिक्षक | सदस्य |
| ३ | श्री नारद सिंह विष्ट | लेखापाल | सदस्य |

सूचना संकलन कार्यटोलीको गठनसंगै कार्यशाला समापनको लागि परामर्शदाता टोलीको तर्फबाट धन्यबाद सहित फ्लोर गाउँपालिकालाई हस्तान्तरण गरिएको थियो। समापनका अवसरमा गाउँपालिकाका प्रमूख श्री उकेन्द्र बहादुर बोहोराज्युले यस कार्ययोजनाको तर्जुमाबाट गाउँपालिकाको आन्तरिक आय वृद्धिमा ठोस सुधारको अपेक्षा गर्दै सहभागि सबैलाई धन्यबाद व्यक्त गर्नु भएको थियो । अभिमुखिकरण कार्यशालाको कार्यक्रम तथा सहभागिहरुको विवरण अनुसूची ३ मा गरिएको छ ।

### १.५.४ तथ्यांक/सूचना संकलन

डिलासैनी गाउँपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसंग छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन एवम् प्रकाशित अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो। यसका अलावा तथ्यांक संकलन कार्यटोलीले समेत आवश्यक तथ्यांकहरू संकलन गरी परामर्शदाता टीमलाई उपलब्ध गराएको थियो। अध्ययनका क्रममा संकलन गरिएका क्षेत्रगत तथ्यांक एवं सूचनाहरू देहाय बमोजिम रहेका छन्ः

- राजस्व प्रशासन सम्बन्धी विवरण
- विगत दुईवर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- गाउँपालिकाकाको वस्तुगत विवरण

- कर्मचारी विवरण तथा संगठन संरचना
- आन्तरिक आयको स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### १.५.५ तथ्यांक विश्लेषण तथा कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारी

कार्यशाला, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामग्रीहरुको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी गरिएको विश्लेषणको आधारमा राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार पारिएको थियो ।

### १.५.६ मस्यौदा प्रतिवेदन पेश

राजस्व सुधार कार्ययोजनाको मस्यौदा उपर गाउँपालिकाबाट आवश्यक सुझाव तथा सल्लाह प्राप्त गर्नका लागि मस्यौदा प्रतिबेदन गाउँपालिका समक्ष पेश गरिएको थियो । गाउँपालिकाबाट प्राप्त सुझाव समेतका आधारमा परिमार्जन गरिएको मस्यौदालाई परामर्श कार्यशालामा प्रस्तुत गरिएको थियो ।

### १.५.७ परामर्श कार्यशाला गोष्ठी

प्रतिबेदनको परिमार्जित मस्यौदा प्रस्तुत गरी सुझाव प्राप्त गर्न गाउँपालिकासँगको समन्वयमा ७ गते परामर्श कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी गाउँपालिकाका उपाध्यक्ष श्री पार्वती कुमारी भण्डारी (राना)को अध्यक्षतामा सञ्चालन भएको थियो । गोष्ठीमा गाउँ कार्यपालिकाका सदस्यहरुको समेत उपस्थिति रहेको थियो । कार्यशालामा मस्यौदा प्रस्तुत गरीएको र प्रतिबेदनका विषयबस्तु माथि विस्तृत छलफल गरी राय सुझाव संकलन गरिएको थियो । परामर्श कार्यशालाको कार्यक्रम तथा सहभागिहरुको उपस्थिती विबरण अनुसूची ३ मा समावेश गरिएको छ ।

### १.५.८ अन्तिम प्रतिवेदन तयारी

कार्ययोजनाको मस्यौदामा गाउँपालिकाबाट प्राप्त सुझाव र मिति २०७८।३।७ गते आयोजित परामर्श कार्यशालाबाट गोष्ठीबाट प्राप्त सुझाव समेतका आधारमा मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।

## १.६ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, कोभिड-१९ महामारीको दोस्रो लहरका कारण यस अध्ययनका सीमाहरू देहायअनुसार प्रस्तुत गरिएको छ

- कोभिड १९ को प्रकोपको समयमा यो अध्ययन कार्य गर्नुपरेकोले प्रत्यक्ष रुपमा स्थलगत अध्ययनमा धेरै समय दिन सम्भव भएन । यसका बाबजुद पनि आवश्यक पर्ने अभिलेखहरू २ दिनको स्थलगत भ्रमण, गाउँपालिकाको वेवसाइट, प्रमुख प्रशाकीय अधिकृत तथा सुचना प्रविधि अधिकृत मार्फत भर्च्युल बैठकबाट संकलन गरि योजना तथा कार्यक्रम तयार गरिएको थियो ।
- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार मानी गरिएकोछ। यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित जानप्रतिनिधिहरू, पदाधिकारीहरु, कर्मचारीहरू तथा अन्य सरोकारवाला पक्षहरूसंग भएको छलफलहरुबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएका फाराम अनुसार प्राप्त तथ्याङ्कहरू, कार्यालयका अभिलेखहरु तथा केहि स्थलगत अध्ययनबाट संकलन गरिएको छ भने तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण भएको छैन ।
- गाउँपालिकाकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने परिवर्तन, गाउँपालिकाकाको सेवामा हुने परिवर्तन, नागरिक संन्तुष्टिमा हुने परिवर्तन, मूल्यांकन दरमा हुने परिवर्तन तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद - २

## गाउँपालिकाको संक्षिप्त परिचय

### २.१ डिलासैनी गाउँपालिकाको संक्षिप्त परीचय

डिलासैनी गाउँपालिका सुदुर पश्चिम प्रदेशको बैतडी जिल्लामा अवस्थित रहेको छ। संघीय मामिला तथा स्थानीय विकास २०७३ स्थानीय तह लागु गर्दा बैतडी जिल्लाका साबिकका कोट्पेटरा, रुद्रेश्वर, मठैराज, डिलासैनी र गोकुलेश्वर गाउँ विकास समितिहरुलाई डिलासैनी गाउँपालिका बनाइएको हो। हाल ७ वटा वडाहरु रहेका यस गाउँपालिका बैतडी जिल्लाको सदरमुकाममा अवस्थीत दसरथचन्द गाउँपालिकाबाट उत्तर तर्फ रहेको छ।




डिलासैनी गाउँपालिकाको नक्सा

**भौगोलिक अवस्थितिः**

अक्षांशः २९.७१ देखि २९.६१

देशान्तरः ८०.७९ देखि ८०.५०

कुल १२५.२८ वर्ग कि.मि.मा फैलिएको डिलासैनी गाउँपालिका सबै भूभाग पहाडी क्षेत्र पर्दछ र अधिकांश क्षेत्र भिरालो रहेको छ। यस गाउँपालिकाको पूर्वमा बझाङ जिल्ला र पश्चिममा दार्चुला जिल्ला रहेको छ।त्यसैगरी दक्षिणमा पुर्चौडी नगरपालिका र दोगडा केदार गाउँपालिका रहेको छ भने उत्तरमा दार्चुला जिल्ला रहेको छ। तलको तालिका ३ मा यस गाउँपालिकाको जनसंख्या विवरण देखाईएको छ ।

*तालिका नं. 3 विवरण (२०६८को तथ्यांक अनुसार)*

| क्र.स | विवरण | जम्मा |
|---|---|---|
| १. | जनसंख्या | २२९२४ |
| २. | घरधुरी | ४४१० |
| ३. | महिला | ११९३४ |
| ४. | पुरुष | १०९९० |
| ५. | जनसंख्याको अनुपातिक विवरण | ३२७४.८५ प्रति वाड |
| ६. | जन घनत्व | १८२.९८ |
| ७. | परिवारको औषत आकार | ५.१९८ |
| ८. | महिला पुरुष अनुपात | १.०८५ |

श्रोतः राष्ट्रिय जनगणना २०६८

## २.२ मानव संसाधन

हाल यस गाउँपालिकाको संगठनात्मक स्वरूप  देहाय अनुसार शाखा र ७ वटा वडाहरुमा वडा कार्यालयहरु रहेका छन् ।




गाउँपालिकाको संगठनात्मक स्वरूप

**हाल गाउँपालिकामा कार्यरत कर्मचारी हरुको विवरण देहाय अनुसार रहेको छ ।**

*तालिका नं. 4 कर्मचारीको उपलव्धता (गा.पा. स्तर वडा कार्यालय समेत)*

| पद | दरवन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| अधिकृतस्तर | १० | ५ | ५ | १० | ३ |
| सहायकस्तर | ३० | १९ | ११ | ३० | ५ |
| कूल जम्मा | ४० | २४ | १६ | ४० | ८ |

तालिका ४ : कर्मचारीको उपलव्धता

*तालिका नं. 5 विषयगत क्षेत्र तर्फका कर्मचारीको विवरण*

**अ) शिक्षा**

| पद | दरवन्दीसंख्या | पदपूर्तिको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | रिक्त |
| अधिकृतस्तर | १ | १ | | १ | |
| सहायकस्तर | १ | १ | | १ | |
| कूल जम्मा | २ | २ | | २ | |

तालिका ५ : शिक्षा क्षेत्र तर्फको

**आ) कृषि**

| पद | दरवन्दीसंख्या | पदपूर्तिको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | रिक्त |
| अधिकृतस्तर | १ | | | | १ |
| सहायकस्तर | ४ | १ | १ | २ | |
| कूल जम्मा | ५ | १ | १ | २ | १ |

तालिका ५ : कृषि क्षेत्र तर्फको

**इ) पशु सेवा**

| पद | दरवन्दीसंख्या | पदपूर्तिको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | रिक्त |
| अधिकृतस्तर | १ | १ | | १ | |
| सहायकस्तर | ४ | | २ | २ | ४ |

| कूल जम्मा | ५ | १ | २ | ३ | ४ |
|---|---|---|---|---|---|

तालिका ६ : पशु सेवा तर्फको

**ई) स्वास्थ्य (स्वास्थ्य चौकी सहित)**

| पद | दरवन्दीसंख्या | पदपूर्तिको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | रिक्त |
| अधिकृतस्तर | ३ | ३ | | ३ | |
| सहायकस्तर | ३१ | १७ | २४ | ४१ | १३ |
| कूल जम्मा | ३४ | २० | २४ | ४४ | १३ |

तालिका ७ : स्वास्थ्य क्षेत्र तर्फको

**उ) महिला तथा बालबालिका**

| पद | दरवन्दीसंख्या | पदपूर्तिको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | रिक्त |
| अधिकृतस्तर | | | | | |
| सहायकस्तर | १ | १ | | | |
| कूल जम्मा | | | | | |

तालिका ८ : महिला तथा बालबालिका तर्फको

**ऊ) इञ्जिनियरिङ्ग सेवा तर्फ**

| पद | दरवन्दी संख्या | पदपूर्तिको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | रिक्त |
| अधिकृतस्तर | १ | | १ | १ | १ |
| सहायकस्तर | ४ | २ | | २ | २ |
| कूल जम्मा | ५ | २ | १ | ३ | ३ |

तालिका ९ : प्राविधिक (इन्जीनियर) क्षेत्र तर्फको

## २.३ भौतिक सम्पत्ति

डिलासैनी गाउँपालिका अन्तरगत भौतिक पुर्वाधारको अवस्था समान्य रहेको छ। हाल यस गाउँपालिकाको आफ्नो भवन छैन । ५वटा वडा कार्यलयको आफ्नो भवन भएको र २ वटा वडा कार्यालयको भवन निर्माणाधिन अवस्थामा रहेको छ ।

यस गाउँपालिका अन्तरगत सडकहरु पनि निर्माणधिन अवस्थामा रहेको छ। बैतडी दार्चुला जोड्ने कालोपत्रे राजमार्गले छोएको छ भने उत्तर पट्टी चौलानी नदीको किनार हुदै बलाच विद्युत पावरहाउस सम्म जोडने सडक बिस्तार भई कालोपत्रे गर्ने तयारी अवस्थामा रहेको छ। कोटपेटरा, रुद्रेश्वरं, मठैराज, डिलासैनी र गोकुलेश्वर सबै स्वास्थ्य चौकीका पुरानै भवनहरु रहेका छन् ।त्यसैगरी ३३ वटा सामुदायिक वन रहेका छन् भने ७ वटा कबुलियती वन रहेका छन् । यस गाउँपालिकाको मुख्य नदि तथा खोलाको रुपमा चौलानी नदी, जमाडी गाड, धामीगाउं खोला, खुमटं खोला अधि रहेका छन् ।

यस गाउँपालिकामा हाल १४ वटा मोटरसाइकलरहेको छ भने एउटा सुदुर पश्चिम सरकारबाट हस्तान्तरण गरिएको एम्बुलेन्स रहेको छ । त्यसैगरी १० कप्यूटर , २५ ल्यापटप र ४० प्रिन्टर रहेको छ र कार्यालय संचालनका लागि हाल सम्म पर्याप्त फर्नीचर रहेका छन् ।

*तालिका नं. 6सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था*

| **विवरण** | **संख्या** | **भवन संरचना (पक्की/कच्ची)** | **कार्यालय को आफ्नै** | **अन्य सरकारी भवनको प्रयोग गरिएको** | **भाडामा रहेको** | **निर्माणधिन** |
|---|---|---|---|---|---|---|
| गा.पा. कार्यालय भवन | | | | १ | १ | |
| वडा कार्यालय भवन | ५ | | ५ | | २ | ३ |

Formatted Table

*तालिका नं. 7 स्थानीय तहको केन्द्रमा उपलब्ध अन्य भौतिक पूर्वाधारको अवस्थाः*

| क्र.सं. | विवरण | पक्की | कच्ची/ग्रावेल | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडकको पहुँच | ११ | ४७ | २ | |

| क्र.सं. | विवरण | राष्ट्रिय | स्थानीय | नपुगेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्युत | ४ | ३ | २ | |

| क्र.सं. | विवरण | भएको | नभएको | सेवा प्रदायक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्टरनेट सेवा | | | २ | |
| २ | सरकारी कारोबार गर्ने बैंक/अन्य वित्तीय संस्था | | | २ | |

*तालिका नं. 8 सवारी साधनको विवरण*

| सवारी साधन | संख्या | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | अन्य |
| दुई पाङ्ग्रे (मोटरसाइकल/स्कुटर) | १४ | १२ | २ | | |
| चारपाङ्ग्रे (जीप/कार/भ्यान) | १ | १ | | | |
| दमकल | | | | | |
| एम्बुलेन्स | १ | १ | | | |
| शववाहन | | | | | |
| अन्य (ट्र्याक्टर,ट्रिपर,एक्साभेटर, लोडर आदि) | | | | | |

## परिच्छेद - ३
## राजश्व अधिकार र आय सम्भावना विश्लेषण

### ३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**"नेपालको संविधान २०७२"** ले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तिन तहको व्यवस्था हुनेछ भनि धारा ५६ मा उल्लेख गरेको छ । संविधानको धारा ६०ले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती श्रोतबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन , २०७४ ले करको विद्धमान संरचना एवम् संचालन बारेमा गाउँपालिकालाई मार्गदर्शन गरेको अवस्था रहेको छ।यो ऐनले गाउँपालिकाहरूले लिन पाउने कर, दस्तूर एवं शुल्कको किसिम, दर एवम् दायरा निश्चित गरेको छ साथै यस ऐनले कानून बमोजिम बाहेक गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था गरेको छ ।यस ऐनले निर्धारण गरेको परिधिभित्र रही गाउँ परिषद्वावाट अनुमोदन गराई गाउँपालिकाले स्थानीय कर, शुल्क एवम् दस्तूरहरू उठाउने गर्दछ ।

**नेपालको संविधान,** २०७२ को अनुसूची ८ रहेको स्थानीय तहको २२ वटा एकल अधिकार मध्ये राजश्व अधिकार अन्तर्गत देहाय बमोजिमका अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमीकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर

**स्थानीय सरकार संचालन ऐन,** २०७४ले गाउँपालिकालाई देहायका राजस्व अधिकार प्रदान गरेको छः

**(क) गाउँपालिकाको एकल राजस्व अधिकारः**

अ) कर

१. **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउन सक्ने व्यबस्था रहेको छ । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्दछ । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)

२.**भूमि कर (मालपोत)ः** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमीकर वा मालपोत लगाउने व्यबस्था छ। तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन पाइदैन । (आर्थिक ऐन २०७५ वाट संशोधित ब्यवस्था)

३.**घर जग्गा बाहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बाहालमा दिएकोमा घरजग्गा बाहाल कर लगाउन सकिने व्यबस्था छ। (तर खण्ड ६८, संख्या ३, भाग ५, मिति २०७५।१।१० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बाहाल आयमा लाग्ने घर बाहाल कर मात्र सम्बन्धित स्थानीय तहले संकलन गर्ने व्यबस्था गरेको छ ।)

४.**व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा स्थानीय तहले व्यबसाय कर लगाउने व्यबस्था रहेको छ ।

५.**सवारी करः** गाउँ पालकाभित्र संचालन हुने टाँगा, रिक्सा, अटोरिक्सा, विद्धुतिय रिक्सामा स्थानीय तहले सवारी कर लगाउन सक्छ।

६.**जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत स्थानीय तहले यस्तो कर लगाउन सक्छ।

आ) शुल्क

- **बहाल विटौरी शुल्कः** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत स्थानीय तहले बहाल विटौरी शुल्क लिन सक्ने व्यबस्था छ ।
- **पार्किङ शुल्कः** आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत यो शुल्क लगाउन सकिन्छ ।

इ) सेवा शुल्क

स्थानीय तहले उपलब्ध गराउने देहायका सेवामा सेवाशुल्क लगाई उठाउन सक्ने व्यवस्था छ :

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायकिङ, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ आदि मनोरञ्जन तथा साहसीक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा।
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाहगृह, धोविघाट, सडक, वसपार्क, पुल आदि सेवामा ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

**दर्ता, अनुमति तथा नवीकरण दस्तुरः** देहायका सेवा उपलब्ध गराए बापत स्थानीय तहले दस्तुर लिन सक्छ :

- एफएम रेडियो संचालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ सेन्टर, औषधि पसल, जग्गा विकास (प्लटिंग)
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- घर-नक्सा पास
- ३५ दिन पछि दर्ता गरिने व्यक्तिगत घटना
- सबै किसिमका सिफारिश तथा प्रमाणित सेवा

**उ) बिक्री गर्न सक्ने** (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित व्यवस्था)

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने** (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित व्यवस्था)

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराई सोही अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।
- हाल यो संसोधन भै सकेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को उपरोक्त कानूनी व्यबस्था र संघीय वन ऐन २०७६ मा गरिएको सामुदायिक वन सम्बन्धी व्यबस्था एक आपसमा बाझिन गएको अवस्था उत्पन्न भएको छ ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४))**

- प्राकृतिक श्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गाउँपालिकालाई निम्नअनुसार राजस्व अधिकार प्रदान गरेको छः

**(अ) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)**

(क) सवारी साधन कर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन कर गाउँपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र गाउँपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले निर्धारण गर्ने र गाउँपालिकाले उठाउने ।

(घ) विज्ञापन कर गाउँपालिकाले लगाउने र उठाउने ।

(ख),(ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत गाउँपालिकालाई बाँडफाँड हुने गर्दछ । यस्तो रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने हुन्छ।

**(आ) राजस्व बाँडफाँड**

नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम यस्तो रकमको बाँडफाँड हुने गर्दछ । यस्तो रकम स्थानीय सञ्चित कोषमा प्राप्त हुने व्यवस्था छ। प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी समेत आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशतले हुने रकम बाँडफाँड गरिन्छ । यस्तो रोयल्टी स्थानीय तहलाई बार्षिक रुपमा प्राप्त हुने व्यवस्था छ ।

**(इ) अनुदान**

- **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **समपूरक अनुदानः** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने ।

**(ई) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएरमात्र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने ।
- स्थानीय तहले नेपाल सरकारसँग ऋण लिन सक्ने ।

उपरोक्त कानूनी व्यवस्था बमोजिम स्थानीय तहले राजस्व सम्वन्धी अधिकार प्रयोग गर्दा कानून बमोजिम वाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने संवैधानिक ब्यवस्था रहेको ।
- कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने ।
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि उल्लिखित राजस्व अधिकार सम्बन्धी कानूनी व्यबस्थाका आधारमा यस गाउँपालिकाको सम्भाव्य आय शिर्षकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ । यस अन्तर्गत गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको सम्भाव्यता, दर निर्धारण र संकलनको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ :

*तालिका नं. 9 सवारी साधनको विवरण*

**आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| क. | करतर्फ | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | नभएको |
| ५ | घर जग्गा रजिस्ट्रेसन शुल्क | छ | भएको | नभएको |
| ६ | व्यवसाय कर | छ | भएको | नभएको |
| ७ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | नभएको |
| ८ | विज्ञापन कर | छ | भएको | नभएको |
| ९ | मनोरन्जन कर (प्रति साँगितिक महत्सब र प्रति खेलकुद चर्खा) | छ | नभएको | नभएको |
| **ख.** | **गैरकर** | | | |
| १ | ढुंगा, गिट्टी, बालुवा, एवम् माटोजन्य वस्तुको बिक्री | छ | नभएको | नभएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नभएको |
| ३ | सामुदायिक वन पैदावार बिक्री | छ | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | छ | भएको | भएको |
| ६ | बहाल विटौरी शुल्क | छ | भएको | नभएको |
| ७ | पारकिंग शुल्क | छ | भएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | छैन | नभएको | नभएको |
| ९ | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| १० | स्थानीय विद्धुत महसुल | छ | नभएको | नभएको |
| ११ | मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क (केवलकार, ट्रेकिंग , कायाकिंग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिंग आदि) | छ | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| १२ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (अतिथि गृह, सभागृह, सडक वत्ति, शौचालय, पार्क, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, वसपार्क आदि | छ | नभएको | नभएको |
| १३ | मूल्यांकन सेवा शुल्क | छ | भएको | नभएको |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विध्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म (आंशिक) | छ | नभएको | नभएको |
| १५ | ढुँगा, गिट्टी, बालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | नभएको | नभएको |
| १६ | सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १७ | दण्ड जरिवाना | छ | नभएको | नभएको |

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार गाउँपालिकाले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ ।

तालिका अनुसार करतर्फ ९ शीर्षक र गैरकरतर्फ १७ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । यस तालिका अनुसार गाउँपालिकाले लिनसक्ने ९ किसिमका कर मध्ये गाउँपालिकाले सम्बन्धित कर्मचारीहरूसँगको छलफल, स्थानीय तहको भ्रमण तथा गाउँपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा ८ किसिमका करहरु संकलनको सम्भावना रहेको देखिन्छ। तत्काल संभावना नदेखिएको मनोरंजन कर सहित बाकीं ७ शिर्षककामा पनि करको दर निर्धारण गरिएको तर हाल सम्म राजश्व संकलन भने भएको देखिदैन ।

गैरकरतर्फका राजस्वका १७ शीर्षक मध्ये थोरैको दर निर्धारण नगरेको अवस्था भए पनि राजश्व संकलन हुने सम्भावना देखिन्छ ।

## ३.३ आन्तरिक राजस्वका प्रमुख क्षेत्र र सम्भावना

### ३.३.१ कर राजस्व

**क. सम्पत्ति कर**

**<u>बर्तमान अवस्थाः</u>** गाउँपालिकाले २०७४ देखि सम्पत्ति कर कार्यान्वयनमा ल्याएको छ । **डिलासैनी गाउँपालिकाको आर्थिक ऐन २०७७** ले घर संरचना र सो घरसंरचनाले चर्चेको (प्लिन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ ।हालको अवस्थामा मुल्यांकित रकमको ०.२५% ( शुन्य दशमलम दुई पाँच प्रतिशत ) का दरले सम्पत्ति कर निर्धारण गरेको छ ।

गाउँपालिकाले सम्पत्ति कर बापत गत आ.व. २०७६/७७ मा राजश्व संकलन शुन्य देखियको छ।

**<u>सम्भाव्यताः</u>**

डिलासैनी गाउँपालिकाले सम्पति कर उठाउने कानूनी व्यबस्था गरे पनि हाल सम्म सम्पत्ति कर उठाएको देखिएन । संभाव्यता गणना गर्दा सम्पूर्ण घरधुरी (४४१०) मध्ये करिब ५०% कर दातालाई आगामी आ.ब.मा सम्पत्ति करको दायरामा ल्याउन सक्ने अनुमान गरिएको छ । घर र घरले चर्चेको जग्गाको मात्र सम्पत्ति कर लिने व्यवस्था भएको हुँदा औषतमा न्युन रकम मात्र संकलन हुन सक्ने सम्भावना देखिएकोले आगामी आ.ब.मा रु ६५००० मात्र राजश्व उठाने अनुमान गरिएको छ ।

**<u>सुधारका पक्षहरूः</u>**

- तत्काल घर धुरी सर्वेक्षण गरि वर्तमानमा रहेका घरधुरी संख्या निर्धारण गर्नु पर्ने ।
- सबै वडा मा घर न. वितरण गर्नु पर्ने ।
- करदातालाई करको दायरामा ल्याउनका लागि करदाता जनचेतना कार्यक्रम संचालन गर्नु पर्ने ।
- घर कायम नभएका हकमा आवश्यक प्रक्रिया पुरा गरी घर कायम गर्ने ।
- घर कायम गर्नका लागि नक्सापास अनिवार्य गर्ने ।
- विगतमा नक्सापास नभएकाहरुका हकमा कम्तिमा एकपटक लाई व्यापक छुटको व्यवस्था गर्ने ।

**ख. भूमि कर (मालपोत)**

**<u>हालको अवस्थाः</u>** डिलासैनी गाउँपालिकाको आर्थिक ऐन, २०७७ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गा बाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था गरेको छ। भूमीकर (मालपोत) लिंदा सम्पत्ति कर प्रयोजनका लागि कायम भएको जग्गाको मूल्य र करको दरका आधारमा लिने गरिएको छ ।यस गाउँपालिकामा अब्बल, दोयम, सीम र चाहार गरि जग्गालाई ४ वर्गमा विभाजन गरिएको छ र जग्गाको दर कायम गर्दा खेति योग्य जग्गाको सबैभन्दा बढी रु

११ न्युनतम १५ रोपनी सम्मको र चाहार पाखो जग्गाको सबैभन्दा कम रु २ न्युनतम १५ रोपनी सम्मको निर्धारण गरेको छ ।

गाउँपालिकाले करदाताबाट सम्पत्ति कर र भूमीकर (मालपोत) भनी एउटै विल/रसिद दिने गरेको भए पनि भूमीकर (मालपोत) र सम्पत्ति कर लाग्ने जग्गाको क्षेत्रफल छुट्याई कर लिने गरिएको देखएन ।

डिलासैनी गाउँपालिकाले आ.ब. २०७४ देखि नै सम्पत्ति कर कार्यान्वयनमा ल्याएको हुँदा त्यस पछिका आ.ब. २०७८ सम्मका लागि बक्यौता मालपोत रकम मात्र असूल गरिरहेको छ।यस अनुरुप आ.व. २०७६/७७ मा कुल र ३,८०,००० बक्यौता मालपोत संकलन भएको थियो। चालु आ.व. २०७७/२०७८ मा मालपोत बापत रु ४००००० संकलन हुने अनुमान गरेको देखिन्छ ।

**<u>सम्भाव्यताः</u>**

डिलासैनी गाउँपालिकामा नीजि स्वामित्वको जग्गा सम्बन्धी एकीन विबरण उपलब्ध छैन । मालपोत कार्यालयबाट पनि यस्तो विवरण उपलब्ध हुन सकेन । गाउँपालिकाको वस्तुगत विवरण तयार नभएको करण २०६८ को जनगणना अनुसार घरधुरी संख्या ४४१० लाई आधार मान्दा कतिपय करदाताको घरधुरी अलग देखिए पनि जग्गा र घरको स्वामित्व एकै व्यक्तिको नाममा रहेको र कतिपय करदाताको सम्पत्ति कर लाग्ने बाहेक मालपोत लाग्ने जग्गा नहुने समेत सम्भावनालाई ध्यानमा राखी कुल मालपोत करको करदाता संख्या (कुल घरधुरी ४४१० को ७०%) ३०८७ अनुमान गरिएको छ। मालपोत कर बाट आगामी आ.ब.मा रु ६५०००० संकलन हुने अनुमान गरिएको छ ।

**<u>सुधारका पक्षहरूः</u>**

गाउँपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध नभएको अवस्थाको कारण भूमि र करदाता सम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिको व्यवस्था गर्नु पर्ने प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन्

- मालपोत कार्यालयको समन्वय र सहयोगमा तथ्यांक संकलन गरेर अहिले भई राखेको एकिन तथ्याङ्क संकलन गर्ने र दिर्घकालका लागी मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने।
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने ।
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने।

- सफ्टवेयरको व्यवस्था गरी सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

**ग. घरजग्गा बाहाल कर**

यस गाउँपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पच, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिएको कुल रकमको १० प्रतिशतको दरले बाहल कर लगाईने व्यवस्था अनुसार वहाल कर असुली गर्दै आइरहेको छ ।

**हालको अवस्थाः**

डिलासैनी गाउँपालिकाले आ.ब. २०७४ देखि नै घरजग्गा वहाल कर कार्यान्वयनमा ल्याएको छ। आ.व. २०७६/७७ मा कुल १५००० उठेको देखिन्छ। चालु आ.व. २०७७/७८ मा घरजग्गा बाहाल बापत रु २०००० अनुमान गरेको देखिन्छ ।

**संभावनाः**

*तालिका नं. 10 घरजग्गा बाहाल करको सम्भाव्यता विश्लेषण*

| क्रसं | प्रयोजनका आधारमा बहालमा बस्ने | कुल संख्या | बहालमा बस्ने अनुमानित संख्या (क) | मासिक औषत अनुमानित भाडारकम(ख) | वार्षिक भाडा रकम(ग) | घर बहाल कर (घ) |
|---|---|---|---|---|---|---|
| | | | | | क x ख x १२ | (ग)को १० प्रतिशत* |
| १ | बैंक | १ | १ | २०००० | २४०००० | २४००० |
| २ | सहकारी | ३ | ३ | ५००० | १८०००० | १८००० |
| ३ | निजी विद्यालय | | | | | |
| ४ | होटेल तथा रेष्टुरेन्ट | ३० | १५ | २००० | ३६०००० | ३६००० |
| ५ | घरायसी प्रयोजनमा बस्नेहरु | ५० | ५० | १००० | ६००००० | ६०००० |
| ६ | सरकारी तथा गैस संघ संस्थाहरु | १० | १० | ५००० | ६००००० | ६०००० |
| ७ | अन्य व्यवसायहरु | ३५ | १४ | १५०० | २५२००० | २५२०० |

| जम्मा | १२९ | ९३ | | २२३२००० | २२३२०० |
|---|---|---|---|---|---|

माथिको तालिकाको विश्लेषण अनुसार आगामी आ.ब.मा रु.२२३२०० बहाल कर उठ्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- घर बहाल करलाई व्यवस्थितरुपमा लागु गर्नका लागि घर बहाल कर व्यवस्थापन कार्यविधि २०७७ लाई पूर्णरुपमा कार्यन्वयन गर्ने ।
- घर वहाल सवै लाई एकमुष्ट दर नलगाई प्रकृती अनुसार दर समायोजन गर्नु पर्ने जस्तै एक एक कोठा भाडामा दिने घरको लागी ८ प्रतिशत मात्र लगाउने।
- लगत विवरण संकलन गर्ने ।
- करदाता पहिचान गर्ने ।
- घर धनि र बाहालमा बस्ने दुबैलाई बाहाल करको बिषयमा जानकारी गराई ब्यपक सहभागिता बढाउने ।जनमैत्री कर लगाउने प्रबन्ध गर्ने ।

**घ. व्यवसाय कर**

**"डिलासैनी गाउँपालिकाको आर्थिक ऐन, २०७७"** अनुरुप यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्र व्यवसाय दर्ता तथा नवीकरण सुल्क लगाउदै आएको छ ।यस गाउँ पालिकाले वार्षिक पुंजीगत लगानीको १% व्यवसाय कर निर्धारण गरेको छ ।

हालको अवस्थाः

डिलासैनी गाउँपालिकाले आ.ब. २०७४ देखि नै व्यवसाय कर कार्यान्वयनमा ल्याएको छ। आ.ब. २०७६/७७ मा कुल ५५००० उठेको देखिन्छ।चालु आ.व. २०७७/७८ मा व्यवसाय कर बापत रु ११०००० अनुमान गरेको देखिन्छ ।

**सम्भावनाः**

*तालिका नं. 11 व्यवसाय करको सम्भाव्यता विश्लेषण*

| क्रसं | व्यापार व्यवसायको विवरण | संख्या | सम्भावित कुल पुजी | लगानीको १% का दरले |
|---|---|---|---|---|
| १ | होटेल रेष्टुरेन्ट | ३० | ३००००० | ३००० |
| २ | वित्तिय संस्था/सहकारी | ४ | १००००००० | १००००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | घरेलु उद्योग | ३ | १५००००० | १५००० |
| ४ | निजी विद्यालय | | | |
| ५ | राइस मिल | ४ | ८००००० | ८००० |
| ६ | फर्निचर उद्योग तथा स:मिल | ४ | ६५०००० | ६५०० |
| ७ | निजी अस्पताल | | | |
| ८ | अन्य व्यवसाय | ३५ | ३५००००० | ३५००० |
| **जम्मा** | | | १६७५०००० | १६७५०० |

माथिको विश्लेषण अनुसार आगामी आर्थिक बर्षमा व्यबसाय करबाट रु.१६७५०० उठाउने अनुमान गरिएको छ।

**<u>सुधारका पक्षहरू:</u>**

- गाउँपालिकामा सञ्चालित सबै किसिमका व्यवसायहरुको विवरण/लगत संकलन गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना(क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- ऐनले व्यवस्था गरेअनुसारका सबै व्यवसायलाई गा.पा.मा दर्ता गराउने तथा गाउँपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नको लागि गाउँपालिकावाट व्यवसाय संचालन अनिवार्य इजाजत लिनुपर्ने व्यवस्था गर्ने ।
- वित्तिय विवरणको आधारमा दर्ता शुल्क र वार्षिक कर निर्धारण गर्ने ।
- बजार अनुगमन गर्ने कार्यका लागि राजस्व परामर्श समितिको सक्रियता बढाउने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गर्ने आधिकारिक व्यवस्था गर्ने ।
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने ।जस्तै— अधिकतम कर तिर्ने उपभोक्तालाई पुरस्कृत गर्ने।करको दायरामा नआउनेलाई पालिकावाट प्रदान गर्ने सेवा सुविधामा कटौती गर्ने तथा जरिवानाको समेत व्यवस्था गर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य संघ आदि कार्यालयहरूसँग आवश्यक सहयोग र समन्वय गरी कर संकलनलाई व्यवस्थित गर्ने ।जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ।

**ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर**

डिलासैनी गाउँपालिकाबाट घर पालुवा जनावरको निकासीमा तथा जडिबुटी, खोटो आदि निकासीमा कर कार्यान्वयनमा ल्याएको छ ।यस गाउँपालिकाले देहाए अनुरुप जडीबुटी, कवाडी, जीवजन्तु कर लगाउँदै आएको छ :

*तालिका नं. 12 जडीबुटी, कवाडी, जीवजन्तु कर विवरण*

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ | प्रति भैंसी /राँगा | ५०० |
| २ | प्रति खसी/बाखा | १०० |
| ३ | जडिबुटी, खोटो आदि प्रति क्विन्टल निकासीमा | ०.५ % बिक्रि मुल्यको |

**हालको अवस्था:** घर पालुवा जनावरको निकासीमा हाल भैंसी /राँगा , खसी/बाखा आदिमा मात्र दर निर्धारण गरेको अवस्था छ ।त्यसैगरी जडिबुटी, खोटो आदि प्रति क्विन्टल निकासीमा पनि कर निर्धारण गरिएको छ।तर हाल सम्म यस शिर्षकमा कर उठेको नदेखिएपनि चालु आ.व. २०७७/७८ मा कर बापत रु ३०००० अनुमान गरेको देखिन्छ ।

**सम्भावना:** भैंसी /राँगा, खसी/बाखा आदि बाहेकका अरु जनावर हरुको पनि निकासीको सम्भावना रहेको छ ।त्यसैगरी जडिबुटी निकासीको पनि प्रचुर सम्भावना रहेको छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिका क्षेत्रमा संकलन हुने कवाडी मालसामान तथा जडीबुटीको परिमाण एकीन गरी करको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- कवाडी तथा जडीबुटी व्यबसाय सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्धारण गरी यसमा वातावरणीय विषय समेत समेटि प्रदूषण नियन्त्रणका विषयमा समेत अध्ययन हुने व्यबस्था गर्ने ।
- चोरिछिपी चमेलिया नदीमा माछा मार्ने विषयमा छिमेकि पालिकाहरुको समन्वयमा निर्णय गरि आगामी आर्थिक बर्षमा कार्यान्वयनमा ल्याउने ।

**च. सवारी करः**

टाँगा, रिक्सा, अटो रिक्सा र ई रिक्साको दर्ता र नवीकरणमा वार्षिक शुल्क २००० निर्धारण गरेको भएपनि हाल सम्म यस शिर्षकमा कर उठेको देखिदैन ।

**हालको अवस्था**

हालको अवस्थामा केहि मात्र सवारी भएपनि आगामी दिनमा सडक विस्तारको क्रमसंगै सवारी साधन बढ्दो क्रममा रहेको छ ।

**सम्भाव्यताः**

आगामी आ.ब.मा ५ ओटा सम्म अटो रिक्सा र ई रिक्सा दर्ता गर्ने सम्भावना हुदा रु १०००० संकलन गर्ने सक्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

केहि विशेष किसिमका कार्यक्रम मार्फत ऋण वा सहुलियत दिएर भएपनि यसमा जोड दिदै व्यवसाय तथा उद्धमशिलाता प्रबर्धन गर्न जरुरी रहेको छ ।यस वर्ष दर्तामा छुट जस्ता कार्यक्रम ल्याउनाले आगामी वर्ष नवीकरण शुल्क लिन पाइने हुँदा पनि यस्ता विषयमा ध्यान दिनु पर्ने देखिन्छ ।

**छ) विज्ञापन कर**

कसैले गाउँपालिका भित्रका होडिङ बोर्ड, साईन बोर्ड, पम्पलेट, पोष्टर जस्ता विज्ञापनका सामाग्रीहरु राखेमा वा सवारी साधनमा विज्ञापन गरेमा निम्न बमोजिमको वार्षिक विज्ञापन कर व्यवस्था गरेको छ। गाउँपालिकाले लागि विज्ञापन कर वापत देहाय अनुसार दर निर्धारण गरेको छ।

*तालिका नं. 13 विज्ञापन कर विवरण*

| विवरण | दर रेट रु. |
|---|---|
| क) प्रति होर्डिङ बोर्ड | ३०० |
| ख) सवारीमा गरिने विज्ञापन | १५० |

**हालको अवस्थाः** विज्ञापन सेवालाई गाउँपालिकाले करको दायरा ल्याए पनि हाल सम्म कुनै कर असुली गरेको छैन । हाल गाउँपालिकाको मुख्य र सहायक सडकमा धेरै होर्डिङ बोर्ड रहेको र प्रत्यक पसल तथा औधोगी हरु पसल अगाडी धेरै होर्डिङ बोर्ड प्रयोगमा देख्न सकिन्छ ।

**सम्भावनाः** सबै उद्योग तथा व्यवसाय सन्चाल गर्ने र गाउँपालिकाको क्षेत्रम विज्ञापन सेवा लिने कर्ता पहिचान गर्ने करको दायरामा ल्याउने सक्ने प्रवल सम्भावना रहेको छ ।सुरुका वर्षमा देहाएको अनुमानित संख्या बाट सुरु गरि विज्ञापन सेवा प्रयोगलाई करको दायरामा ल्याउन सकिन्छ र यसको सम्भावना तल उल्लेख गरिएको छ :

*तालिका नं. 14 विज्ञापन करको सम्भाव्यता विश्लेषण*

| **विवरण** | **अनुमानित संख्या ०७७/०७८** | **सम्भाव्य रकम (रु) ०७७/०७८** |
|---|---|---|
| प्रति होर्डिङ बोर्ड | १०० | ३०००० |
| सवारीमा गरिने विज्ञापन | ५० | ७५० |
| **जम्मा** | | **३०७५०** |

**सुधारका पक्षहरू**

- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने ।
- सबै विज्ञापनलाई करको दायरामा आउने विषय सुनिश्चित गर्ने साथै विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाउने ।
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यवस्था गर्ने ।

### ३.३.२ गैरकर राजस्व

#### क) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण,रेखदेख वा सञ्चालन गरेको हाट,बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । उक्त ऐनको आधारमा गाउँपालिकाको आर्थिक ऐनले अव्यवस्थित,भूमिहीन र सुकुम्बासी बसोवास भएका स्थानमा घरले चर्चेको जग्गा र सो जग्गामा निर्माण भएका घरमा अव्यवस्थित बसोवास व्यवस्थापन शुल्कको रुपमा बहाल बिटौरी शुल्क लगाइने व्यवस्था गरेको छ ।

*तालिका नं. 15 बहाल बिटौरी शुल्क विवरण*

| **विवरण** | **दर रेट रु.** |
|---|---|

| | |
|---|---|
| क) हाट बजार वा सरकारी जग्गामा पसल राखेमा | २२० |
| ख) गाउँ पालिकाको क्षेत्रमा फेरीमा समान बेच्नेलाई वार्षिक | २००० |

**हालको अवस्था र सम्भावना** : हालको अवस्थामा दुई शिर्षकमा मात्र दर निर्धारण गरेको भए पनि कुनै आम्दानी गरिएको छैन र यसको प्रवल सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- सार्वजनिक,पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर,टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्यांक संकलन गरि बहाल विटौरी शुल्कको दायरामा ल्याउने ।
- जमिनको उपयोगको आधारमा शुल्क निर्धारण गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

### ख) पार्किङ शुल्क

आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत सेवा शुल्क लगाउन सकिने कानूनी अधिकारको प्रयोग गर्दै डिलासैनी गाउँपालिकाले निम्न बमोजिमको दर निर्धारण गरेको अवस्था छ।

*तालिका नं. 16 पार्किङ शुल्क विवरण*

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ | मोटरसाइकल | ५० |
| २ | हलुका सवारीसाधन | २०० |
| ३ | वास, ट्रक , टिप्पर आदि | ३०० |
| ४ | ह्याबी इकुप्मेंट | ५०० |

**हालको अवस्था:**

डिलासैनी गाउँपालिकाले पार्किङ सेवा शुल्क लागु गरि उठाउंदै आएको छ ।डिलासैनी गाउँपालिकाले आ.व. २०७६/७७ मा रु १५००० संकलन भएको छ भने र आगामी आ.व. मा रु २५०००को अनुमान गरिएको छ ।

**<u>सम्भावनाः</u>**

विभिन्न चाडपर्वहरुमा लाग्ने मेला तथा हाट बजारमा आउने सवारी साधनहरुको व्यवस्थित पार्किंगको व्यवस्थापन गरि थप शुल्क संकलन गर्न सक्ने सम्भावना छ ।

**<u>सुधारका पक्षहरूः</u>**

- उपयुक्त स्थानमा पार्किंग स्थलको निर्माण गरि पार्किंग सेवा उपलब्ध गराउने ।
- पार्किंग शुल्क भुक्तानीको बिधि छनोट गरि कार्यान्वयन गर्ने ।
- पार्किंगको शुल्क पार्किंगं अवधिको आधारमा लगाउने व्यबस्था गर्ने।

### ग) फोहोरमैला व्यवस्थापन शुल्क

**हालको अवस्थाः** हालको अवस्थामा फोहरमैला व्यवस्थापन सम्बन्धि कुनै नीति तथा नियमहरुको निर्माण भएको छैन ।

**<u>सम्भावनाः</u>**

शहरीकरणको विकास संगै फोहोर मैला व्यवस्थापन गर्दै जानुपर्ने देखिन्छ । तत्काल फोहोर मैला व्यवस्थापन कार्यविधि निर्माण गरी व्यवस्थापन शुल्क निर्धारण गर्न सकिन्छ ।

### घ) सिफारिस  तथा प्रमाणित दस्तुर

गाउँपालिकाले घर जग्गा नामसारी सिफारिस,कृषिपशु समुहदर्ता नविकरण शुल्क, स्थायी बसोवास सिफारिस, नागरिकता सिफारिस,नागरिकता प्रतिलिपि सिफारिस,अंगिकृत नागरिकता सिफारिस, आर्थिक अवस्था कमजोर  वा विपन्नता प्रमाणित,  आर्थिक अवस्था वलियो वा सम्पन्नता  प्रमाणित, विद्युत जडान सिफारिस, धारा जडान सिफारिस, जिवित रहेको सिफारिस, दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस,जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित, व्यवसाय वन्द सिफारिस, व्यवसाय सञ्चालन नभएको सिफारिस, व्यापार व्यवसाय नभएको सिफारिस, कोट शुल्क मिनाहा सिफारिस, नावालक परिचयपत्र सिफारिस, चौपाया सम्बन्धी सिफारिस,गाँउपालिकामा दर्ता वा नविकरण भएका व्यवसाय को सिफारिस,उद्योग ठाउँ सरी सिफारिस,विद्यालय ठाउँ सरी सिफारिस,आन्तिरिक बसाइँसराई सिफारिस,व्यक्तिगत विवरण सिफारिस,जग्गा दर्ता सिफारिस आदि दस्तुर  जस्ता अन्य  सिफारिस तथा प्रमाणित दस्तुर कार्यानयन गर्दै आइरहेको छ ।

**हालको अवस्थाः**

डिलासैनी गाउँपालिकाले सिफारिस तथा प्रमाणित दस्तुर लागु गरि उठाउंदै आएको छ ।डिलासैनी गाउँपालिकाले आ.व. २०७६/७७ मा रु ३५०००० संकलन भएको छ भने र आगामी आ.व. मा रु ४००००० को अनुमान गरिएको छ ।

**सम्भावनाः**

*तालिका नं. 17 सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण*

| प्रमाणित तथा दस्तुरका प्रकारहरु | अनुमानित संख्या | औसतदर (वार्षिक) | सम्भाव्य रकम (रु) |
|---|---|---|---|
| निवेदन तथा सिफारीस दस्तुर | ८८२ | २०० | १७६४०० |
| व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | २२०५ | १०० | २२०५०० |
| प्रमाणित दस्तुर | २२० | १५० | ३३०७५ |
| अन्य दस्तुर | २२० | १०० | २२००० |
| न्यायिक दण्ड जरिवाना र जफत | ४४ | २५० | ११००० |
| प्रशासनिक दण्ड जरिवाना | २२ | ५०० | ११००० |
| अन्य विविध आय | | | १०००० |
| **जम्मा** | | | ४८३९७५ |

माथिको तालिका अनुसार गाँउपालिकाको कुल घरधुरी संख्या ४४१०को आधारमा संख्या निर्धारण गरिएको छ जस अनुसार निवेदन तथा सिफारीस दस्तुरमा २० प्रतिशत, व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुरमा ५० प्रतिशत, प्रमाणित दस्तुरमा ५ प्रतिसत, अन्य दस्तुरमा ५ प्रतिशत, न्यायिक दण्ड जरिवाना र जफतमा १ प्रतिशत, प्रशासनिक दण्ड जरिवानामा ०.५ प्रतिशत गरिएको छ ।

**सुधारका पक्षहरूः** सिफारिस तथा प्रमाणित दस्तुरका सन्दर्भमा निम्नअनुसार सुझावहरु प्रस्तुत गरिएको छः

१. अनलाइन विधिमार्फत सिफारिस तथा प्रमाणित दस्तुरको संकलन गर्ने व्यवस्था गर्ने ।
२. व्यक्तिगत घटना दर्ताका लागि अभियान संचालन गर्ने ।
३. सिफारिस गर्दा शुल्क तिरे नतिरेको यकिन गरेर मात्र सिफारिस गर्ने ।
४. वडाबाट संकलित दस्तुरहरु शिर्षक सहितको विवरण तयार पर्ने ।
५. वडा कार्यालयको बिलिंग प्रणालीलाई पनि कम्युटर सफ्टवेयरमा आधारित बनाउने ।
६. गाउँपालिका र वडाको विचमा कम्युटर प्रणालीवाट नेटवर्किंग गर्ने ।

**ङ) पर्यटन स्थल प्रवेश शुल्क**

**हालको अवस्थाः**

वर्तमान अवस्थामा गाउँपालिकाले पर्यटन स्थल प्रवेश शुल्क निर्धारण गरेको छैन ।

**सम्भावनाः**

पहाडी तथा दुर्गम क्षेत्रमा मा अवस्थित यस गाउँपालिकामा पर्यटन स्थल प्रवेश शुल्कको सम्भावना न्यून देखिएको छ।

**च) नक्शापास दस्तुर**

**हालको अवस्था र सम्भावना**ः

वर्तमान अवस्थामा गाउँपालिकाले नक्शापास दस्तुर निर्धारण गरेको छैन ।

**सुधारका पक्षहरूः** न्यूनतम शुल्क निर्धारण गरि नक्सा पासलाई अनिवर्य गरिनु जरुरी छ । यस वाट भोलिका दिनमा दैवी प्रकोपको तथ्याकं संकलन तथा क्षतिपूर्ती प्रदान गर्न सरल हुनेछ ।

**छ ) बिक्रीबाट प्राप्त रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)**

**हालको अवस्थाः**

गाउँपालिकाले हाल सम्म प्राकृतिक श्रोतको विक्री (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु) बाट कुनै पनि रकम संकलन गरेको छैन ।

**सम्भावना**ः

गाउँपालिकाको सिमानामा चमेलिया नदि रहेकोले स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्रीको लागि तत्काल वातावरणीय प्रभाव मुल्यांकन गरि राजश्वको श्रोत बृद्दि गर्न सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः** ढुंगा, गिट्टी, बालुवा विक्रीको सन्दर्भमा निम्नअनुसार सुझावहरु प्रस्तुत गरिएको छः

१. वातावरणीय प्रभाब मुल्यांकन गर्ने ।
२. बिक्रीको दर निर्धारण गर्ने ।

**झ) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय**

**हालको अवस्थाः**

यस गाउँपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक उपलब्ध नभएकाले आगामी आ.व.मा जम्मा रु. १लाख संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

# परिच्छेद - ४

## आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

### ४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

स्थानीय सरकार संचालन ऐन, २०७४ ले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामार्श प्रदान गर्न स्थानीय स्तरमा सात सदस्य राजस्व परामर्श समितिको व्यवस्था गरेको भएता पनि यस गाँउपालिकामा ५ सदस्य परामर्शसमिति गठन भएको छ । डिलासैनी गाउँपालिकाको राजस्व परामर्श समितिको संस्थागत संरचना देहाए बमोजिम रहेको छ ।

*तालिका नं. 18 डिलासैनी गाउँपालिकाको राजस्व परामर्श समिति*

| क्रसं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री पार्वती कुमारी भण्डारी (राना ) | उपाध्यक्ष | संयोजक |
| २ | श्री पंख बहादुर शाह | नि.प्र.प्र. अधिकृत | सदस्य |
| ३ | श्री मान बहादुर बोहरा | गाँउ का.पा. सदस्य | सदस्य |
| ४ | श्री नरमा देवी जागरी | गाँउ का.पा. सदस्य | सदस्य |
| ५ | | उ.वा. संघ प्रतिनिधि | सदस्य |
| ६ | | व्यापार संघ प्रतिनिधि | सदस्य |
| ७ | श्री जय महरा | राजश्व शाखा | सदस्य सचिव |

**आ.व. २०७७/७८ का लागि स्वीकृत राजस्व सम्बन्धी नीति तथा कार्ययोजनाहरूः**

यस गाउँपालिकाले आर्थिक वर्ष ०७७/०७८ को लागि स्वीकृत गरेको राजश्व सम्बन्धी नीतिहरु निम्न रहेका छन ।

- एकीकृत सम्पत्ति कर र व्यवसाय कर यसै आ.व.को शुरुदेखि लागु गरिनेछ । करबाट संकलित रकम सम्बन्धित वडाकै विकास निर्माणमा खर्च गर्ने नीति लिईनेछ ।
- आन्तरिक आयका नयाँ र स्थायी श्रोतहरुको खोजी गरिने नीति लिइनेछ ।
- गाउँपालिकाको पंसेरा क्षेत्र, गन्ना क्षेत्र, गोकुलेश्वर क्षेत्र, धामीगाउँ क्षेत्र र अन्य सम्भाव्य क्षेत्रलाई सासाहिक वा निश्चित बारहरुमा सब्जी मण्डी थोक बजार, हाटबजार, तरकारी वा अन्य कृषि उत्पादन संकलन केन्द्रका रुपमा विकास गरीकृषि बजारलाई प्रवर्द्धन गरिनेछ।
- गाउँ क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । ऐलानी/प्रर्तिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइनेछ र उक्त जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन

गरिनेछ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिनेछ । सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।

- गाउँपालिकाको सबै विषय, क्षेत्र र माध्यमहरुलाई एकीकृत रुप सार्वजनिकीकरणका लागि एक अनलाइन पार्टलको निमार्ण गरि प्रयोगमा ल्याईने छ ।
- गाउँ कार्यपालिका कार्यालयमा सबै नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र राखिनेछ ।
- सेवा प्रवाहमा जवाफदेहिता, पारदर्शिता सुशासन कायम गरिनेछ यसका लागि रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाहमा जोड दिइनेछ ,नियमित सार्वजनिक सुनुवाईको व्यबस्था गरिनेछ ।
- कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण तथा उच्च अध्ययनको व्यवस्था गर्ने नीति लिइनेछ ।
- न्यायिक समिति मार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निशुल्क न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

## ४.२ गाउँपालिकाको आय संकलनको संस्थागत व्यवस्था

डिलासैनी गाउँपालिकाको कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि अनुसार कर तथा शुल्क यस प्रकार तोकेको छ विगत आय विवरण देहाय अनुरुप वृद्धि दर अनुरुप आगामी आ.व को आय अनुमान गरिदै राजश्व प्रक्षेपण गरिएको छ ।

*तालिका नं. 19 गाउँपालिकाले निर्धारिण गरेका  राजस्वका दरहरु*

| क.स. | राजश्वका क्षेत्रहरु | प्रस्तावित दर रु |
|---|---|---|
| १ | सम्पत्ति कर | मुल्यांकित रकमको .०२५ प्रतिशत |
| २ | घर बाहल कर | बहाल आय रकमको १० प्रतिशत |
| ३ | गर जग्गा रजिष्ट्रेशन शुल्क | प्रदेश सरकारको आर्थिक ऐन बमोजिम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सवारी साधन कर (टाँगा,रिक्सा,अटो रिक्सा र ई रिक्सा दर्ता तथा नविकरणमा वार्षिक शुल्क) | | २००० | | | |
| ५ | भूमिकर (मालपोत) | जग्गाको वर्ग | न्यूनतम ५ रोपनी सम्म रु.. | | थपप्रती रोपनी रु. | |
| | | | खेत | पाखो | खेत | पाखो |
| | | अबब्ल | २५ | २० | ६ | ४.५ |
| | | दोयम | २० | १५ | ५ | ३.५ |
| | | सीम | १५ | १० | ४ | २.५ |
| | | चाहार | १० | ५ | ३ | १.५ |
| ६ | मनोरन्जन कर | प्रति सांगितिक महोत्सव | प्रदेश आर्थिक ऐन अनुरुप हुने | | | |
| | | प्रति खेलकुद चर्खा आदि | | | | |
| ७ | विज्ञापन कर | प्रति होडिंग बोर्ड | ३०० | | | |
| | | गाडीमा गरिने विज्ञापन | १५० | | | |
| ८ | व्यवसाय कर | व्यवसाय दर्ता तथा नविकरण | वार्षिक पूंजीगत लगानीको १ प्रतिशत | | | |
| ९ | बहाल विटौरी कर | हाट बजारमा सरकारी जग्गामा पसल राखेमा | २२० | | | |
| | | गाउँपालिका क्षेत्रमा फेरीमा समान बेच्नेलाई वार्षिक कर | २००० | | | |
| १० | पारकिंग शुल्क | मोटरसाइकल | ५० | | | |
| | | हलुका सवारी साधन | २०० | | | |
| | | बस, ट्रक, टिपर आदि | ३०० | | | |
| | | हेभी इक्युपमेन्ट | ५०० | | | |
| ११ | जडिबुटी, कवाडी र जीवजन्तु कर | गाउँपालिकाबाट घर पालुवा जनावरको निकासीमा | प्रति भैंसी राँगा ५०० प्रति खसि बाखा १०० चमेलिया नदीमा माछा मार्ने दर छिमेकीगा.पा. न.पा. सँग समन्वय गरी कार्यपालिकाले निर्णय गरे बमोजिम हुन | | | |

| | | | |
|---|---|---|---|
| | | डीबुटी , खोटो, आदि प्रति क्विन्टल निकासीमा | बिक्रीमुल्यको ०.५ प्रतिशत |
| | | कवाडी कर प्रति क्विन्टल निकासीमा | २० |
| १२ | प्राकृतिक श्रोत कर | | प्रदेश सरकारको आर्थिक ऐन बमोजिम |
| १३ | सेवा शुल्क दस्तुर | घर जग्गा नामसारी सिफारिस | २२० |
| | | कृषिपशु समुहदर्ता नविकरण शुल्क | १०० |
| | | मोही लगत कट्टा सिफारिस | ११० |
| | | घर कायम सिफारिस | १५० |
| | | छात्र बृत्ति सिफारिस | निशूल्क |
| | | विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिस | निशूल्क |
| | | अपांगता सिफारिस | निशूल्क |
| | | कक्षा ८ को प्रमाणपत्र प्रतिलिपि दस्तुर | १५० |
| | | अस्थायी बसोवास सिफारिस | २०० |
| | | स्थायी वसोवास सिफारिस | २०० |
| | | नागरिकता सिफारिस | १५० |
| | | नागरिकता र प्रतिलिपि सिफारिस | |
| | | अंगिकृत नागरिकता सिफारिस | १५०० |
| | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशूल्क |
| | | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | २००० |
| | | विद्युत जडान सिफारिस | १५० |
| | | धारा जडान सिफारिस | १०० |

| | | | |
|---|---|---|---|
| | | जिवित रहेको सिफारिस | १५० |
| | | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | २०० |
| | | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५०० |
| | | व्यवसाय बन्द सिफारिस | १५० |
| | | व्यवसाय सञ्चालन नभएको सिफारिस | १५० |
| | | व्यापार व्यवसाय नभएको सिफारिस | १५० |
| | | कोट फी मिनाहा सिफारिस | निशूल्क |
| | | नावालक परिचयपत्र सिफारिस | १०० |
| | | चौपाया सम्बन्धी सिफारिस | १५० |
| | | गाँउपालिकामा दर्ता वा नविकरण भएका व्यवसाय को सिफारिस | निशूल्क |
| | | उद्योग ठाउँ सरी सिफारिस | १५०० |
| | | विद्यालय ठाउँ सरी सिफारिस | ८०० |
| | | आन्तिरिक बसाइँसराई सिफारिस | १५० |
| | | व्यक्तिगत विवरण सिफारिस | १५० |
| | | जग्गा दर्ता सिफारिस | २५० |
| | | संरक्षक सिफारिस (व्यक्तिगत) | १५० |
| | | संरक्षक सिफारिस (संस्थागत) | २०० |

| | | | |
|---|---|---|---|
| | | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशूल्क |
| | | जिवित संगको नाता प्रमाणित | १५० |
| | | मृतक संगको नाता प्रमाणित | १५० |
| | | कोठाखोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | २०० |
| | | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क |
| | | अन्य कार्यालयको मागअनुसार विवरण खुलाइ पठाउने कार्य | निशुल्क |
| | | संस्था दर्ता वा सिफारिस | ३०० |
| | | घरबाटो प्रमाणित | २५० |
| | | चार किल्ला प्रमाणित | २५० |
| | | जन्ममिति प्रमाणित | १५० |
| | | विवाह प्रमाणित | २०० |
| | | कागज मन्जुरीनामा प्रमाणित | १५० |
| | | हकवाला वा हकदार प्रमाणित | १५० |
| | | अविवाहित प्रमाणित | १५० |
| | | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | २५० |
| | | जग्गाधनी पूर्जा हराएको सिफारिस | २०० |
| | | पूर्जामा घर कायम गर्ने सिफारिस | २५० |
| | | अंग्रेजी सिफारिस तथा प्रमाणित | २५० |
| | | मिलापत्र कागज | ५०० |

| | | | |
|---|---|---|---|
| | | रुख कटान सिफारिस | १२०० |
| | | उजुरी दर्ता | ३०० |
| | | जन्मदर्ता | ५० |
| | | मृत्यु दर्ता | ५० |
| | | वसाई सराई आउने/जाने दर्ता | ५० |
| | | पक्का घरको सर्जमिन वापत | निशूल्क |
| | | अन्य सवै प्रयोजनको सर्जमिन वापत | निशुल्क |
| | | अचल सम्पत्ति मूल्याकंन | २५०० |
| | | रकम कलम उढाई दिए वापत | ५ प्रतिशत |
| | | सम्वन्ध विच्छेद दर्ता | पंजीकरण सम्बन्धि कानुन बमोजिम |
| | | विवाह दर्ता | ५० |
| | | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | १०० |
| | | उल्लेखित बाहेक अन्य | |
| | | सिफारिस (संस्थागत) | २५० |
| | | सिफारिस (व्यक्तिगत) | १५० |
| | | प्रमाणित (संस्थागत) | ३५० |
| | | प्रमाणित (व्यक्तिगत) | १५० |
| | | संशोधन | २५० |
| | | कागजात प्रिन्टिंग दस्तुर प्रति पृष्ठ | १० |
| | | कागजात फोटोकपी दस्तुर प्रति पृष्ठ | ५ |
| | | स्वास्थ्य प्रयोगशाला जाँच शुल्क | जिल्ला जनस्वास्थ्य कार्यालयले निर्धारण गरे बमोजिम |
| | | कर्मचारी आवेदन दस्तुर | लोक सेवा आयोगले निर्धारण गरे बमोजिम |
| | | राजपत्र विक्री शुल्क | राजपत्र सम्बन्धी कार्यविधि बमोजिम हुने |

| | | | |
|---|---|---|---|
| | | बोलपत्र बिक्री शुल्क | सार्वजनिक खरीद ऐन २०६३ बमोजिम |

श्रोतः डिलासैनी गाउँपालिका आर्थिक ऐन २०७७

## ४.३ गाउँपालिकाको आय परिचालनको अवस्था

गाउँपालिकाले चालु आ.व. २०७५।७६ देखि सम्पत्ति कर कार्यान्वयन सुरु गरेको छ । कवाडी, जीवजन्तु, जडीबुटी, पर्यटन शुल्क बाहेक स्थानीय सरकार सञ्चालन ऐनले अख्तियारी प्रदान गरेका अन्य प्रायः सबै शीर्षकमा गाउँपालिकाले कर संकलन गर्दै आएको छ ।आ.व. २०७३।७४ को तुलनामा आ.व. २०७४।७५ मा कुल आन्तरिक आयमा २४ प्रतिशतले वृद्धि भएको देखिन्छ। राजस्व बाँडफाँडबाट प्राप्त हुने आय उक्त अवधिमा ९४ प्रतिशतले घटेको देखिन्छ । श्रोत बाँडफाँड बापत प्राप्त हुने रकम पछिल्लो आ.व.मा प्राप्त नभएकाले घटेको देखिन्छ।यस्तै अनुदानतर्फको रकम २१४ प्रतिशतले बढेको देखिन्छ भने समग्रमा उक्त दुई वर्षमा गाउँपालिकाको आय १२२ प्रतिशतले वृद्धि भएको पाइन्छ।

डिलासैनी गाँउपालिकाले आगामी आर्थिक वर्षका लागि अनुमानित कर तथा गैर कर राजस्व संकलनको अवस्थाः

*तालिका नं. 20 डिलासैनी गाउँपालिकाको राजस्व संकलनको अवस्था*

| सि.नं. | राजस्वका क्षेत्रहरु | गत आ.व. को अनुमानित रकम | गत आ.व. को यथार्थ रकम | आगामी आर्थिक वर्षको अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | सम्पत्ति कर | ६०००० | ६५००० | ७५००० | |
| २ | घर बहाल कर | १५००० | २०००० | ३५००० | |
| ३ | घर जग्गा रजिष्ट्रेशन शुल्क | ० | | | |
| ४ | सवारी साधन कर(टाँगा, रिक्सा, अटो रिक्सा र ई रिक्साको दर्ता र नविकरणमा वार्षिक शुल्क | ० | | | |
| ५ | भुमिकर(मालपोत) | ३८०००० | ४००००० | ६५०००० | |
| ६ | मनोरञ्जन कर | ० | २००० | ५०००० | |
| ७ | विज्ञापन कर | ० | | | |
| ८ | व्यवसाय कर | ५५००० | ११०००० | १३०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | बहाल बिटौरी शुल्क | ० | | | |
| १० | पार्किङ शुल्क | १५००० | २०००० | २५००० | |
| ११ | जीडबुटी, कवाडी र जीवजन्तु कर | ० | ३०००० | ३५०००० | |
| १२ | प्राकृतिक श्रोत कर | ० | | २०००० | |
| १३ | सेवा शुल्क दस्तुर | ३५०००० | ४००००० | ७००००० | |
| जम्मा | | ८७५००० | १०४७००० | १६७५००० | |




डिलासैनी गाउँ पालिकाको राजश्व संकलनको अवस्था

गाउँपालिकाको विगत दुई वर्षको कुल आय संरचना हेर्दा आ.व. २०७६।०७७ को कुल आयमा लेख्न पर्ने प्रतिशत योगदान रहेकोमा आ.व. २०७७/०७८ आन्तरिक आयको हिस्सा २ प्रतिशत, राजस्व बाँडफाँडबाट घटेर १३ प्रतिशत र बाह्यस्रोतबाट ८५ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकाको कुल आयमा बाह्य स्रोतको हिस्सा सबैभन्दा धेरै रहेको देखिन्छ । यस सम्बन्धी थप विवरण देहाय अनुसार रहेको छ

*तालिका नं. 21 डिलासैनी गाउँपालिकाको कूल आय संरचना(**हजारमा**)*

| आय स्रोत | २०७६/७७ | प्रतिशत | २०७७/७८ | प्रतिशत |
|---|---|---|---|---|
| आन्तरीक आय (रु.) | ९१०० | २ | ९६७५ | २ |
| राजश्व बाँडफाँड (रु.) | ७५२०० | १६ | ७४५७३ | १३ |
| बाह्यस्रोत (रु.) | ३७९९६२ | ८२ | ४७९७७५ | ८५ |
| **जम्मा** | ४६४२६२ | १०० | ५६४०२३ | १०० |

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

### क. आन्तरिक आय परिचालन सम्बन्धी नीतिगत र कानूनी व्यबस्था

गाउँपालिकामा हालसम्म अत्यन्त न्यून जनशक्तिका कारणले राजस्व प्रशासन प्रभावकारी हुन सकेको थिएन । हाल सवै वडामा सचिव तथा गाउँपालिकामा पनि कर्मचारीहरूको व्यवस्थापन भएकाले राजस्व प्रशासनलाई प्रभावकारी बनाउन कार्यको थालनी गाउँपालिकाले गरिसकेको छ । यसको लागि जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोतको लगत अद्यावधिकरण, करदाताहरूको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरूको पहिचान आदि कार्यहरू हुन्। यसैगरी यहाँ राजस्वको महत्वपूर्ण स्रोत कृषि, घरेलु उधोग, वन, लगायतका क्षेत्रलाई प्रथामिकता दिइएको हुनाने त्यस क्षेत्रको क्षमता विकास, विस्तार र प्रवर्द्धन गर्नुपर्ने योजना रहेकोछ ।

वडाबाट प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्य संचालन गर्नुका साथै वडा कार्यालय भन्दा टाढाका वस्तीहरूमा नियमित रूपमा घुम्ति शिविर सञ्चालन गर्नुपर्ने हुन्छ ।गाउँपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरूलाई आयका शीर्षक, प्रविधिको प्रयोगमार्फत राजस्वका विविध पक्षहरूको अभिलेखीकरण लगायतका विषयमा अभिमुखीकरण आवश्यक हुन्छ। राजस्व परामर्श समितिको भूमिकालाई अझ सशक्तीकरण गरी राजस्व अनुगमन तथा लक्ष्य प्राप्तिका लागि जिम्मेवारी निर्धारण, आवश्यक निर्देशन एवं निर्णय गर्न जरुरी देखिन्छ ।

### ख. संगठन संरचना र जनशक्ति व्यबस्थापन

गाउँपालिकामा राजस्व शाखा भएता पनि राजस्व हेर्ने कर्मचारीको अभाव देखिएको छ । हाल आन्तरिक लेखा नियन्त्रकलाई नै राजस्व शाखा को जिम्मेवारी तोकिएको छ भने कर्मचारी नयाँ भएका कारण तत्काल क्षमता विकास तालिमको आवश्यक देखिन्छ ।

### ग. सूचना तथा तथ्यांक प्रणाली र सूचना प्रविधि

गाउँपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने वास्तविक तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीनका साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

**ङ. समन्वय संयन्त्रको प्रभावकारिता**

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा नेपाल सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिशन दस्तुरको बाँडफँटका लागि प्रदेश सरकारसँग र विगत बर्षहरुको राजस्व बाँडफाँटका लागि जिल्ला समन्वय समितिसँग पर्याप्त समन्वय कायम नहुँदा ती निकायबाट नगरपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त हुन सकेको देखिदैन ।

### च. आन्तरिक नियन्त्रण र जवाफदेहिता

आय संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्।

# परिच्छेद - ५
## राजश्व सुधार कार्ययोजना

### ५.१ राजस्व सुधार कार्ययोजना

राजश्व सुधार कार्ययोजनाको मुख्य उद्देश्य स्थानीय तहको राजश्व परिचालनमा सुधार ल्याउनको लागि योजनाबद्ध रुपमा कार्य संचालन गर्नु हो । स्थानीय तहको राजश्व प्रक्षेपण गरी सोको आधारमा वजेट तयार गर्ने तथा राजश्व परामर्श समितिको सिफारिशमा राजश्वका दररेट निर्धारण गर्ने कार्यमा राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ ।

गाउँपालिकाकाको राजस्व परिचालनमा के कस्ता समस्या छन् र सुधारका लागि के कस्ता कृयाकलाहरु सञ्चालन गर्न आवश्यक छ भन्ने विषयमा निर्वाचित जनप्रतिनिधि र सो कार्यमा संलग्न जनशक्ति नै सबैभन्दा बढी जानकार हुन सक्दछन् । त्यसबाहेक यसका सरोकारवालाहरुको भोगाई पनि आफैमा महत्वपूर्ण मानिन्छ । यस कार्यका लागि बाह्य परामर्शदाताको भूमीका उनीहरुलाई समस्या पहिचान गरी समाधानका सही उपाय पहिल्याउने कुरामा सहजीकरण गर्ने सम्मको हुन्छ।तसर्थ यो कार्ययोजना तर्जुमा गर्दा पनि यसै अवधारणा अनुरुप सहभागितामूलक कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालाका सहभागीहरूलाई चार वटा समूहमा विभाजन गरी गरिएको समूह कार्य र त्यस उपर प्लेनरीमा भएको छलफलका आधारमा तय भएका विषयबस्तुलाई परामर्शदाताबाट संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छः

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासन सुधार योजना

**क. कर राजस्व सुधार योजना**

*तालिका नं. 22 कर राजस्व सूधार कार्ययोजना*

| क्र.सं | करराजस्वको शिर्षक | सुधारकालागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | भूमीकर (मालपोत) | • मालपोत कार्यालयबाट जग्गाको अभिलेखप्राप्त गर्न<br>• वडागत रुपमा सम्पूर्ण जग्गाको अभिलेखराखे र नियमित अद्यावधिक गर्ने<br>• जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनलाई वैज्ञानिक बनाउने | आ.ब. २०७८/०८९ देखि निरंतर | राजस्व शाखा |
| २ | सम्पत्तिकर | • सम्भाव्य सम्पत्ति करदाता सबैको विवरण संकलन गरी अद्यावधिक गर्ने<br>• सम्पत्ति कर सम्बन्धी फाराम अनलाइन प्रविधिबाट भर्ने व्यवस्था गर्ने<br>• सम्पत्ति कर सम्बन्धी जनचेतना शिविर सञ्चालन गर्ने | आ.बा. २०७८/०८९ देखि निरंतर | सूचना प्राबिधिक शाखा |
| ३ | सवारी कर | • दर्ता तथा नविकरण कार्यविधि बनाउने<br>• भाडा निर्धारण गर्ने<br>• नम्बर कायम गर्ने | आ.बा. २०७८/०८९ देखि निरंतर | कार्यपालिका |
| ४ | घरजग्गा बहाल कर | • घर बहाल कारलाई प्रगतिशील प्रणालीमा निर्धारण गर्ने<br>• घर नम्बर लागु गर्ने | आ.बा. २०७८/०८९ देखि निरंतर | सूचना प्रविधि शाखा, आर्थिक प्रशासन शाखा र वडा कार्यालयहरु |

| | | | | |
|---|---|---|---|---|
| ५ | व्यवसायकर | • नयाँ दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गर्ने<br>• सम्भाव्य व्यवसाय करदाता सबैको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने<br>• अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने | आ.बा. २०७८/०८९ देखि निरंतर | आर्थिक विकास शाखा र सूचना प्रविधि शाखा |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | • ठेक्का प्रणाली लागु गर्ने<br>• संकलन केन्द्रको स्थापना गर्ने | आ.बा. २०७८/०८९ देखि निरंतर | आर्थिक प्रशासन शाखा |
| ७ | विज्ञापन कर | • कार्यविधि निर्माण गर्ने<br>• सम्भाव्यता अध्यायन गने<br>• अनुगमन प्रभावकारी बनाउने | आ.बा. २०७८/०८९ देखि निरंतर | गाउँ कार्यपालिका र राजस्व परामर्श समिति |

**ख. गैरकर राजस्व सुधार योजना**

गैरकर राजस्वको क्षेत्रमा आवश्यक सुधारका लागि निम्नानुसारका कृयाकलापहरु प्रस्ताव गरिएको छः

*तालिका नं. 23 गैरकर राजस्व सूधार कार्ययोजना*

| क्र.सं | गैरकर राजस्वका शिर्षक | सुधारकालागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, जराजुरी, आदि प्राकृतिक वस्तुको बिक्री | • सम्भाव्य क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने,<br>• प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने,<br>• बिक्रीको दर निर्धारण गर्ने, | २०७९ जेष्ठ मसान्त सम्म | वातवरण एवम राजस्व शाखा |

| | | | | |
|---|---|---|---|---|
